# संघीय संसद
# प्रतिनिधि सभा
चौथो अधिवेशन
## बैठक संख्या - १

## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७६ साल वैशाख १६ गते सोमबार

प्रतिनिधि सभाको चौथो अधिवेशनको पहिलो बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा दिनको ४:०० बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय सभामुखले सम्माननीय राष्ट्रपतिबाट प्राप्त अधिवेशन आव्हान सम्बन्धी निम्नलिखित पत्रको व्यहोरा पढेर सुनाउनु भयो ।

> नेपालको संविधानको धारा ९३ को उपधारा (१) बमोजिम सम्वत् २०७६ साल वैशाख १६ गते सोमबारका दिन १६:०० बजे अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, नयाँ बानेश्वरमा संघीय संसदको दुवै सदनको अधिवेशन आव्हान गरेको छु ।
>
> मिति :- २०७६ वैशाख ८ (विद्यादेवी भण्डारी)

तदुपरान्त सम्माननीय सभामुखले चौथो अधिवेशनको पहिलो बैठकमा पाल्नुभएका सम्पूर्ण मा० सदस्यहरुलाई नयाँ वर्ष २०७६ को शुभकामना सहित हार्दिक स्वागत गर्नुभयो ।

तत्पश्चात सभाले गणतन्त्र र लोकतन्त्र प्राप्तिका लागि जीवन उत्सर्ग गर्ने ज्ञात अज्ञात शहिदहरु प्रति श्रद्धाञ्जली अर्पण गर्न उठेर एक मिनेट मौन धारण गऱ्यो ।

त्यसपछि सभाको चौथो अधिवेशन प्रारम्भको अवसरमा दलीय प्रतिनिधित्वको आधारमा देहायका मा० सदस्यहरुले आ-आफ्नो धारणा राख्नुभयो :-

१. मा० श्री शेरबहादुर देउवा
२. मा० श्री सुवास चन्द्र नेम्वाङ्ग
३. मा० श्री अनिल कुमार झा
४. मा० श्री राजेन्द्रप्रसाद श्रेष्ठ
५. मा० डा० बाबुराम भट्टराई
६. मा० श्री राजेन्द्र प्रसाद लिङदेन
७. मा० श्री दुर्गा पौडेल
८. मा० श्री प्रेम सुवाल

तदुपरान्त सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १० को उपनियम (१) बमोजिम सभामुख तथा उपसभामुखको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्नको लागि निम्नलिखित मा० सदस्यहरुको नाम मनोनयन गर्नुभयो ।

(१) मा० श्री उमाशंकर अरगरिया
(२) मा० श्री चन्द्रकान्त चौधरी
(३) मा० श्री डिला सँग्रौला (पंत)
(४) मा० श्री मान बहादुर विश्वकर्मा
(५) मा० श्री राधा कुमारी ज्ञवाली
(६) मा० श्री रेखा शर्मा
(७) मा० श्री सोमप्रसाद पाण्डेय

तत्पश्चात सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त निम्नलिखित पत्रको व्यहोरा पढेर सुनाउनु भयो :-

> सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूबाट सम्माननीय प्रधानमन्त्रीज्यूको सिफारिशमा नेपालको संविधानको धारा ९५ को उपधारा (२) बमोजिम सम्वत् २०७६ साल वैशाख २० गते शुक्रबारका दिन १६:०० बजे संघीय संसदको दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन हुने भएको व्यहोरा सादर अनुरोध गर्दछु ।
>
> मिति :- २०७६/०१/११ (विनोद के सी)
> सचिव

त्यसपछि सम्माननीय सभामुखले सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीबाट नेपालको संविधानको धारा ९५ को उपधारा (२) बमोजिम सम्वत् २०७६ साल वैशाख २० गते शुक्रबार अपरान्ह ४:०० बजे नेपाल

सरकारको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दै संघीय संसदको दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्ने कार्यक्रम रहेको हुँदा प्रतिनिधि सभाका सम्पूर्ण मा० सदस्यहरु उक्त दिन दिनको ३:४५ बजे भित्र नै आ-आफ्नो आशन ग्रहण गरिसक्नुहुन अनुरोध गर्नुहुँदै उक्त दिन र समयमा मा० सदस्यहरुको लागि निर्धारण गरिएको पोशाकमा उपस्थित भईदिनुहुन समेत अनुरोध गर्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले पूर्व सदस्य भिक्षु अश्वघोषको निधन भएकोमा निम्नलिखित शोक प्रस्ताव प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट पारित भयो ।

शोक प्रस्ताव

"प्रतिनिधि सभाको यो बैठक २०४८ सालमा राष्ट्रिय सभामा निर्वाचित सदस्य, बुद्ध धर्म र दर्शनका ज्ञाता, नेपालको छैठौं संघनायक भिक्षु अश्वघोषको ९३ वर्षको उमेरमा मिति २०७५ साल चैत्र २२ गते शुक्रबार निधन भएकोमा उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

तत्पश्चात सम्माननीय सभामुखले पूर्व सदस्य दिवाकर गोल्छाको निधन भएकोमा निम्नलिखित शोक प्रस्ताव प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट पारित भयो ।

शोक प्रस्ताव

"प्रतिनिधि सभाको यो बैठक २०६४ सालको संविधान सभा निर्वाचनमा नेपाली काँग्रेसको समानुपातिक तर्फबाट निर्वाचित सदस्य, नेपालको औद्योगिक विकासमा सक्रिय, इमान्दार, कुशल एवं असल उद्योगपति एवं नेता दिवाकर गोल्छाको ६७ वर्षको उमेरमा मिति २०७५ साल चैत २६ गते मंगलबार निधन भएकोमा उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

त्यसपछि सम्माननीय सभामुखले पूर्व सदस्य रुद्रमणि शर्मा भण्डारीको निधन भएकोमा निम्नलिखित शोक प्रस्ताव प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट पारित भयो ।

शोक प्रस्ताव

"प्रतिनिधि सभाको यो बैठक २०४८ सालमा नेपाली काँग्रेसको तर्फबाट गुल्मी जिल्ला क्षेत्र नं. ३ बाट प्रतिनिधि सभामा निर्वाचित सदस्य, लोकतान्त्रिक आन्दोलनका अथक योद्धा, सादा जीवन पद्धतिमा विश्वास राख्ने शालिन नेता रुद्रमणि शर्मा भण्डारीको ७२ वर्षको उमेरमा मिति २०७५ साल चैत्र २८ गते बिहीबार निधन भएकोमा उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

तदुपरान्त सम्माननीय सभामुखले पूर्व सदस्य रामकृष्ण ताम्राकारको निधन भएकोमा निम्नलिखित शोक प्रस्ताव प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट पारित भयो ।

शोक प्रस्ताव

"प्रतिनिधि सभाको यो बैठक २०४८ र २०५६ सालमा नेपाली काँग्रेसको तर्फबाट रुपन्देही जिल्ला क्षेत्र नं. २ बाट प्रतिनिधि सभामा निर्वाचित सदय, स्वास्थ्य, उद्योग, वाणिज्य तथा आपूर्ति लगायतका मन्त्रालयको जिम्मेवारी सम्हाल्नुभएका पूर्व मन्त्री, राष्ट्रियता, लोकतन्त्र र समाजवादप्रति अटल आस्था राख्ने शालिन, भद्र र समाजवादी नेता रामकृष्ण ताम्राकारको ७६ वर्षको उमेरमा मिति २०७६ साल वैशाख १० गते मंगलवार निधन भएकोमा उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

तत्पश्चात सभाले स्वर्गीय भिक्षु अश्वघोष, दिवाकर गोल्छा, रुद्रमणि शर्मा भण्डारी एवं रामकृष्ण ताम्राकारको निधनप्रति शोक व्यक्त गर्न उठेर १ मिनेट मौन धारण गऱ्यो ।

तदनन्तर बैठक २०७६ साल वैशाख २० गते शुक्रबार अपरान्ह ६:०० बजे बस्नेगरी दिनको ५:५० बजे स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव